प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(प्रकाशित मिति : २०७६/०९/ १६)

आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट कार्यालय मसलन्द सामानहरु आपुर्ति गर्नु पर्ने भएकोले प्रचलित ऐन, नियम बमोजिम इजाजत प्राप्त ईच्छुक आपूर्तिकर्ताहरुबाट सिलबन्दी दरभाउपत्रमा उल्लेखित स्पेशिफिकेशन तथा देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. सिलबन्दी दरभाउ पत्रसाथ नवीकरण सहितको फर्म /कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्र फारम रु. १,०००।- (एक हजार मात्र पछि फिर्ता नहुने गरी) तिरी यस मन्त्रालयबाट मिति २०७६/०९/१६ गते देखि २०७६/१०/०१ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । यसरी खरिद गरेका दरभाउपत्र दरभाउपत्रदाताले २०७६/१०/०२ गते दिनको १२:०० बजे भित्र यस मन्त्रालयमा सिलबन्दी रुपमा दर्ता गरी सक्नु पर्नेछ । यसरी दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको दिउँसो १:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस मन्त्रालयमा खोलिनेछन् ।
३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।
४. सिलबन्दी दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको प्रत्येक सामानको प्रति इकाई मुल्य र कुल जम्मा मुल्य अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
५. एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरेको सिलबन्दी दरभाउपत्र फाराम अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाउने छैन ।
६. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।
७. दरभाउपत्र साथ नगदै जमानत राख्न चाहनेले धरौटी वापतको रकम राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको श्री प्रदेश लेखा नियन्त्रक कार्यालय कैलालीको एकल खाता प्रणाली अन्तरगतको धरौटी हि.नं. ४१७०५०२०००००० मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।
८. दरभाउपत्र स्वीकृत भए पछि खरिद सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) अनुसार हुने रकम बराबरको नगद जम्मा गरेको भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी गरेको कार्य सम्पादन जमानत पत्र (Performance Security) पेश गर्नु पर्नेछ।
९. म्याद नाघी आएका वा रित नपुगेका वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित हुनेछ ।
११. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस मन्त्रालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | समुह | कामको विवरण | जमानत रकम |
|---|---|---|---|---|
| १. | MOEAP/PG/01 | क | कार्यालय मसलन्द सामान आपूर्ति । | २७०००।०० |